ACCESS

東京都

ネパール語

नेपाली भाषा



# Life in Tokyo

## Your Guide

# टोकियोमा स्वागत छ ।

## थाहा पाउने


टोकियो भनेको कस्तो ठाउँ ? ........ 3


## जीबन यापन गर्ने


जापान आएपछि गर्नुपर्ने कामहरू ........ 11

बसोबास गर्ने ........ 15

वित्त (बैंक, क्रेडिट कार्ड) ........ 17

संचार (मोबाइल फोन, इन्टरनेट, हुलाक सेवा) ........ 19

जिबिका चलाउने ........ 21

यातायात ........ 25




# Life in Tokyo
## Your Guide


रोजगार (काम) गर्ने ........ 29

अध्ययन गर्ने ・ बालबच्चा हुर्काउने ........ 31

बिमारी ・ चोटपटक ........ 33

प्रकोप रोकथाम ・ आपतकालिन ........ 35


## मनोरञ्जन गर्ने


पर्यटन ・ संस्कृति ........ 37


## परामर्श गर्ने ・ सोधपूछ गर्ने


सम्पर्क गर्ने ठाउँको सूची ........ 47


TIPS for Tokyo Life
Tokyo Intercultural Portal Site
東京都多文化共生ポータルサイト

टोकियोको जनजीवन


विदेशी वासिन्दाहरूको लागि जिबिका चलाउने सम्बन्धि जानकारी दिने वेबसाइट

विस्तृत जानकारीको लागि पृष्ठ 58 हेर्नुहोला ।

प्रस्तुत गरिएको सूचना विवरण अक्टोबर 2019 सम्मको सूचना हो।

# टोकियो भनेको कस्तो ठाउँ ?




| | |
|---|---|
| जनसंख्या | करीव 1 करोड 39 लाख 40 हजार जना (जापानको कूल जनसंख्याको करीब 11 प्रतिशत) |
| विदेशी वासिन्दाहरूको संख्या | करीव 5 लाख 70 हजार जना (जापान भित्र सबैभन्दा बढि), टोकियो-तो भित्र विदेशी वासिन्दाहरूको अनुपात: करीव 4% |
| स्थानिय प्रशासनिक निकायको संख्या | 62 {23 वटा-कु (वडा) , 26 वटा-सी (नगर), 5 वटा च्योउ (शहर), 8 वटा मुरा (गाउं)} |
| क्षेत्रफल | 2,190 वर्ग किलोमीटर (जापानको कूल क्षेत्रफलको 0.6 प्रतिशत) |
| मौसम (वसन्त, ग्रीष्म, शरद र हेमन्त ऋतुहरू छन्) |   |

| टोकियो-तोको छाप | टोकियो-तोको प्रतीक चिन्ह | टोकियो-तोको फूल: योशिनो चेरी | टोकियो-तोको रूख: इच्योउ (जिन्कगो) | टोकियो-तोको पंक्षी: युरिकामोमे (कालो टाउके गुल) |
|---|---|---|---|---|
|  |  |  |  |  |





## टोकियोको ईतिहास

**1603 साल**
तोकुगावा शोगुनले एदो शोगुन राज स्थापना गरेको



**1868 साल**
तोकुगावा

**1882 साल**
उएनो चिडियाखानाको सञ्चालन शुरू गरिएको

**1903 साल**
टोकियोमा पहिलो ट्रलिबस सेवा (सिन्बासि ~ सिनागावा) सञ्चालनमा आएको

**1925 साल**
यामानोते लाइनमा चक्रीय रेल सेवा शुरू भएको



**1931 साल**
हानेदा विमानस्थल बनेको



**1958 साल**
टोकियो टावर (उचाई 333 मीटर) को निर्माण सम्पन्न भएको

**1964 साल**
ओलम्पिक・प्यारालम्पिक टोकियो प्रतियोगिता आयोजना गरिएको
सिन्कानसेन रेल सेवा सञ्चालन शुरू भएको

**2012 साल**
टोकियो स्काई ट्री (उचाई 634m) को निर्माण सम्पन्न भएको



**2021 साल**
टोकियो 2020 ओलिम्पिक・प्यारालम्पिक खेलकूद प्रतियोगिता सञ्चालन गरिने

## जानकारी दिने गाइड गिबोच्यान


एदो टोकियो हाकुबुचुकान (संग्रहालय) को आधिकारिक क्यारेक्टर अर्थात परिचय

**प्रोफाइल**

जन्म स्थान: निहोनबासि
जन्म दिन: मार्च 28 तारिक
मन पर्ने खाना: निन्ग्योउयाकि, दोरायाकि
हुर्केको स्थान: र् योउगोकु
शौख: ओमिकोसी (खट) बोक्ने
लक्ष्य: धेरै साथीहरू बनाउने
टोकियो-तो एदो टोकियो हाकुबुचुकान (संग्रहालय)
http://www.edo-tokyo-museum.or.jp (पृष्ठ 41)



# नक्शा भित्रको टोकियो



**तामाको पूर्वी भाग**

हरियालीले भरिएका पार्कहरू धेरै छन ।



स्योउवा किनेन कोउएन (स्योउवा स्मृति पार्क)



ताकाओ पहाड




**तामाको पश्चिमी भाग**

सुन्दर प्रकृति बाँकी रहेको छ ।



हिनोहारा मुरा



ओकुतामा ताल

**रितोउ (छुट्टिएको टापु)**

सुन्दर प्रकृतिको बीचमा समुद्री खेलहरूको मनोरञ्जन लिन सक्नुहुनेछ ।











**टोकियो 23-कु को पूर्वी भाग**

पुरानो शैलीको शहरको स्वरूप बाँकी भएको डाउनटाउन

याकाताफुने (हाउसबोट)



याकाताफुने (हाउसबोट)








**टोकियो २३-कु को पश्चिमी भाग**

गगनचुम्बी भवनहरू लहरै बनाइएको ठाउँ । मानिसहरूको भीड पनि उत्तिकै हुन्छ।

सिन्ज्युकु ग्योएन



सिन्ज्युकु गगनचुम्बी भवनको शहर



# टोकियोको चार मौसमहरु



कोइनोबोरी



हामारिक्युउओन्सि तेइएन (बगैंचा)

## मार्च देखि मे महिनासम्म

साकुराको फूल फुल्ने, जीवनयापन गर्न सहज हुने मौसम । विद्यालयहरुमा अप्रिल महिनादेखि नयाँ शैक्षिक सत्र शुरु हुन्छ ।



उएनो पार्क



वसन्त

春



हेमन्त

冬



टोकियो स्टेशन

## डिसेम्बर देखि फेब्रुअरी महिनासम्म

हावा सुख्खा हुने, घमाइला दिनहरू बढि हुन्छन् । हिमपात पनि हुन सक्छ ।



सेन्सोउजि मन्दिर
हागोइता इचि (बजार)



रोप्पोन्गि इलुमिनेशन





सुमिदागावा आतिशबाजी प्रदर्शन



निसिआराइ दाइसि
फुउरिन पर्व

## जुन देखि अगस्ट महिनासम्म

पसिनाले च्यापच्याप लाग्ने आर्दता सहितको गर्मी भई, तापक्रम 35 डिग्रीभन्दा माथि हुने दिन पनि हुन्छ ।

ग्रीष्म

夏





बोनओदोरी (बोन नृत्य)

शरद

秋







ओमिकोसि (रथ तान्ने)

## सेप्टेम्बर देखि नोभेम्बर महिनासम्म

रूखको पात रातो भई सुन्दर देखिने, जीवन यापन गर्न सजिलो हुने मौसम ।
1 वर्ष भित्रमा सबभन्दा बढि वर्षा हुने




मेइजि जिन्गुउ गाइएन



ओकुतामा

## ●टोकियोको रेलवे नक्शा

जापानको रेलहरू निश्चित तथा सही समयमा संचालन हुने र सुरक्षित हुन्छन् ।




### ●Suica




जेआर हिगासि निहोन कम्पनिको मल्टी फन्क्शन टिकट बिक्री मेशिन, मिदोरीनो मादोगुचि (काउन्टर) बाट किन्न सक्नुहुन्छ ।

जेआर हिगासि निहोन कम्पनिबाट साभार गरिएको

### ●PASMO




नीजि रेलवे कम्पनिको कुनै पनि लाइनको टिकट बिक्रि मेशिन। आवधिक टिकट बिक्रि काउन्टरबाट किन्न सक्नुहुन्छ ।

पास्मो (PASMO) चाहि PASMO कम्पनी लिमिटेडको दर्ता ट्रेडमार्क हो ।



## ●टिकट र आइसी (IC) कार्ड

रेल प्रयोग गर्दा, स्टेशनमा टिकट किन्नु अथवा IC कार्ड (Suica, PASMO, आदि) को प्रयोग गर्नुपर्छ।

IC कार्ड बस चढ्ने बेलामा पनि प्रयोग गर्न सकिन्छ।

IC कार्ड खरिद गर्ने बेलामा, डिपोजिटको रूपमा 500 येन जम्मा गर्नु पर्छ ।

### IC कार्डको राम्रो पक्ष

1. IC कार्डमा नगद चार्ज गर्‍यो भने रेल वा बस चढ्ने टिकटको सट्टामा प्रयोग गर्न सकिन्छ।
2. फ़रक रेलवे लाइनहरू प्रयोग गर्नु पर्ने अवस्थामा सजिलैसँग रेलवे लाइन परिवर्तन गर्न सकिन्छ।
3. कम्बिनियन्स स्टोर वा जिदोउहान्बाइकि (भेण्डिङ्ग मेशिन) हरूमा नगदको सट्टामा प्रयोग गर्न सकिन्छ।





# जापान आएपछि गर्नुपर्ने कामहरू

जापानमा बसोबास शुरू गर्न, विभिन्न प्रक्रियाहरू पूरा गर्नुको साथसाथै आवश्यक कागजातहरू पनि बुझाउनु पर्ने हुन्छ ।

प्रक्रिया पूरा भएपछि ✔ जाँच गरौं।



## ☐ निवास योग्यता (भिसा)

जापानमा बसोबास गर्नको लागि आवश्यक योग्यता

जापानमा गर्न पाउने क्रियाकलाप र त्यसको अवधि तोकिएको हुन्छ।

## ☐ आवासिय कार्ड

जापानमा बसोबास गर्ने अनुमति पायो भने आवासिय कार्ड पनि पाइन्छ ।

आवासिय कार्ड जहिले पनि बोकेर हिंड्नु जरूरी छ (16 बर्ष भन्दा कम उमेरका बाहेक) ।

[अगाडिको भाग]



[पछाडिको भाग]



साभार: अध्यागमन प्रशासन विभाग होमपेज

**विस्तृत जनकारीको लागि**

अध्यागमन प्रशासन विभाग (http://www.immi-moj.go.jp/) (पृष्ठ-57)

गाइकोकुजिन जाइर्न्युठ सोठगोठ इन्फरमेशन सेन्टर (विदेशी नागरिकको लागि जापान बसाइ सम्बन्धि सूचना केन्द्र) (पृष्ठ-55)





## ☐ आवास दर्ता (तेनन्युउ (बासस्थान सरेर आउने)/ तेनस्युचु (बासस्थान सरेर जाने))

जापानमा 3 महिना भन्दा बढि बसोबास गर्ने विदेशीहरूको हकमा, सम्बन्धित स्थानिय निकायको कार्यालयमा गई त्यहांको वासिन्दा भएको कुरा दर्ता गर्नुपर्छ ।

●जापानमा प्रवेश गरेपछि (बासस्थान सरेर आउने)

वासस्थानको निर्णय भएपछि त्यसको १४ दिन भित्रमा निवास कार्ड सहित सम्बन्धित स्थानिय निकायको कार्यालयमा गई दर्ता गर्नु पर्छ।



＊ यदि तपाईंको राहदानीमा "आवासिय कार्ड पछि जारी गरिनेछ" भनेर लेखिएको छ भने, त्यो राहदानी बोकेर जानु पर्छ ।

●बसाइ सर्ने बेला (तेनस्युचु (बासस्थान सरेर जाने))

बसाइ सर्नु भन्दा पहिले तपाईंले बसोवास गरिरहेको स्थानिय निकायको कार्यालयमा गई ठेगाना परिवर्तन गर्ने कागजात पेश गर्नु पर्छ ।

बसाइ सरेको 14 दिन भित्रमा आवासिय कार्ड सहित नयाँ बसोवास गर्ने स्थानिय निकायको कार्यालयमा गई नयाँ ठेगानाको दर्ता गर्नु पर्छ ।



**विस्तृत जानकारीको लागि** सम्बन्धित स्थानिय निकायको कार्यालयको अवास दर्ता काउन्टर

## ☐ स्वास्थ्य बीमा

जापानमा बसोबास गर्ने सबै व्यक्तिहरूले अनिवार्य रूपमा स्वास्थ्य बीमामा आवद्ध हुनु आवश्यक छ।

**विस्तृत जानकारीको लागि** (बिमारी/चोटपटक) सम्बन्धि (पृष्ठ 33)



**अग्रजहरूको आवाज** जापानमा स्थानिय निकाय राष्ट्रिय, प्रान्तिय र नगर गरी 3 तहका छन् ।

## ☐ निवृत्तिभरण (पेन्शन)

जापानमा, बुढेसकाल पछि पनि ढुक्क भएर जीवन यापन गर्न सकोस भनी, सबै व्यक्तिहरू निवृत्तिभरण प्रणालीमा आवद्ध हुन्छन् ।

### ●निवृत्तिभरणको प्रकार

| प्रकार | लक्षित समूह (20 वर्ष देखि 60 वर्ष सम्मका व्यक्ति) | बीमाको रकम | सम्पर्क स्थान |
|---|---|---|---|
| राष्ट्रिय निवृत्तिभरण | आफ्नै व्यवसाय गरिरहेको व्यक्ति रोजगारी नगरिकन बसेको व्यक्ति | 16,410 येन प्रति महिना (आ. व. 2019 सालको) | सम्बन्धित स्थानिय निकायको "कोकुमिन नेन्किन" काउण्टर |
| कर्मचारी निवृत्तिभरण | कुनै कम्पनिमा काम गरिरहेको व्यक्ति | वार्षिक आय अनुसार फरक हुन्छ। | कम्पनिको निवृत्तिभरण हेर्ने व्यक्ति |

* यदि तपाईं पार्टटाइम काम गर्नुहुन्छ भने कर्मचारी निवृत्तिभरण नभइकन राष्ट्रिय निवृत्तिभरणमा आवद्ध हुन पनि सकिन्छ ।
* बीमा रकम तिर्न नसक्ने अवस्था छ भने, निवेदन दिएर, तुरुन्त पूर्ण रकम अथवा आंशिक रकम भुक्तान गर्नु नपर्ने गरी मिलाउन पनि सकिन्छ ।

### ●राष्ट्रिय निवृत्तिभरण र कर्मचारी निवृत्तिभरणको 「दाताइ इचिबुकिन = परित्याग आंशिक फिर्ती रकम」

यदि ❶ र ❷को सर्तहरू पूरा भएमा, भुक्तानी गरिएको बीमा रकम फिर्ता हुनेछ ।

❶ जापानमा, निवृत्तिभरण रकम भुक्तान गरेको समयावधि 6 महिना भन्दा बढी भएको।

❷ जापान छोडेर गएपछि 2 वर्ष भित्र प्रक्रिया सहित रकम फिर्तीको लागि निवेदन दिएको।

**विस्तृत जानकारीको लागि**

《निहोन नेन्किन किकोउ=जापान पेन्सन सेवा》 (http://www.nenkin.go.jp/)
《राष्ट्रिय निवृत्तिभरण 》बसोवास गरेको सम्बन्धित स्थानिय निकायको कार्यालयको राष्ट्रिय निबृत्तिभरण काउन्टर, अथवा नजिकैको निवृत्तिभरण कार्यालय वा निवृत्तिभरण परामर्श केन्द्र
《कर्मचारी निवृत्तिभरण》 कामगरिरहेको कम्पनिको निवृत्तिभरण हेर्ने व्यक्ति




**अग्रजहरूको आवाज** सवभन्दा नजिकको स्थानिय निकायको कार्यालय सम्बन्धित कार्यालय हो । आधिकारिक प्रक्रियाहरू यी कार्यालयहरूमा पुरा गर्न सकिन्छ।





स्तम्भ

## —— जापानको मुख्य करहरू ——

| प्रकार | विवरण |
|---|---|
| आवासीय कर | टोकियो-तो वा सम्बन्धित स्थानिय निकायको कार्यालय ले प्रदान गर्ने, निवासीहरुलाई चाहिने प्रशासनिक सेवाहरूको लागि आवश्यक खर्चहरू, वार्षिक आय (जनवरी 1 देखि डिसेम्बर 31 सम्म) अनुसार, त्यसको अर्को वर्षमा भुक्तानी गर्नु पर्नेछ। |
| आय कर | उक्त साल (जनवरी 1 देखि डिसेम्बर 31) को वार्षिक आय अनुसार भुक्तानी गर्ने। |
| उपभोग कर | यो सरसामान र सेवाहरूमा लाग्ने कर हो। जापानमा 10% (टेक-आउट गर्ने खाद्य र पेय पदार्थहरू, संधै लिइरहेको अखबारहरू, आदि को हकमा 8% ) |

*काकुतेइ-सीन्कोकु = अन्तिम कर फिर्ताको रिपोर्ट: प्रत्येक वर्ष जनवरी 1 देखि डिसेम्बर 31 सम्म कमाईएको सबै आयको हिसाब गरी, जापान सरकारलाई रिपोर्ट गरी, वढि तिरेको भए फिर्ता लिने र नपुगेको भए भुक्तान गर्नु पर्ने हुन्छ। कर कार्यालयमा सोझै कागजातहरू लिएर गई, अथवा हुलाक वा इन्टरनेट मार्फत पनि कागजात बुझाउन सकिन्छ।






उपभोग करको रकम देखाउने तरिका (कर समावेश गरी अथवा नगरीकन) पसल अनुसार फरक हुन्छ है !

**विस्तृत जानकारीको लागि**

《कोकुजेइच्यो = राष्ट्रिय कर एजेन्सी》 (https://www.nta.go.jp/)
《तोजेइ = टोकियो-तोको कर》 टोकियो-तो कर ब्युरो (http://www.tax.metro.tokyo.jp/)
《कुसिच्योउसोनजेइ = निवास क्षेत्रको आवास कर》 बसोवास गर्ने स्थानिय निकायको कर काउन्टर

**अग्रजहरूको आवाज** कम्पनिमा काम गरिरहेको व्यक्तिको कर तथा बीमाको रकम मासिक तलबबाट घटाइन्छ।
(तेनबिकि = तलबबाट घटाउने) →पृष्ठ 30)



# वसोवास गर्ने

बसोबास गर्ने ठाउँ खोज्ने बेला, अक्सर फुदोउसान (घर जग्गा किनबेच कम्पनि) मार्फत परिचय गराइन्छ ।
सम्झौता गर्दा होसियारीपूर्वक जाँच गरी, आफैले कोठा हेरेर मात्र निर्णय गर्ने गरौं।
फर्निचरहरू आफैले किन्ने गरौं ।




## कोठा भाडामा लिने बेलामा

- तोकिएका नियमहरू पालना गर्ने ।
- कोठा भाडा बाहेक मासिक रूपमा तिर्नु पर्ने अन्य रकमको पनि जानकारी लिने ।
- आवश्यक रकम तोकिएको समय भित्रमा भुक्तानी गर्ने ।




●भाडामा लिएको कोठामा गर्न नहुने कार्य (उदाहरण)

- ठूलो स्वरमा कराउने अथवा आवाज निकाल्ने
- कोठाको वालपेपर फेर्ने वा भित्ता आदिमा प्वाल बनाउने ।
- 1 जना मात्र बस्ने सम्झौता भएकोमा, अरू व्यक्तिहरू पनि सँगै बस्ने
- वरण्डा वा सीँढी जस्ता साझा स्थानमा नीजि सामानहरू राख्ने ।

विस्तृत जानकारीको लागि फुदोउसान कम्पनि वा घर मालिक

## कोठा भाडामा लिँदा आवश्यक पर्ने रकम



| | |
|---|---|
| कोठा भाडा | मासिक रूपमा अघिल्लो महिना सम्ममा भुक्तानी गर्ने |
| ब्यवस्थापन खर्च | साझा स्थानको बिजुली वा सरसफाईको लागि चाहिने खर्च। प्रत्येक महिना भुक्तानी गर्ने। |
| सिकिकिन = धरौटी रकम | कोठा भाँडामा लिने बेलामा, घर मालिकलाई धरौटी को रूपमा राख्न दिने मासिक कोठा भाँडाको 1 देखि 2 महिना जतिको रकम । कोठा छोड्ने बेलामा कोठा मर्मतको लागि आवश्यक रकम घटाएर बाँकी हुन्छ भने फिर्ता गरिनेछ। |
| रेइकिन = धन्यवाद रकम | सम्झौताको समयमा घर मालिकलाई दिइने धन्यवाद सहितको रकम। मासिक कोठा भाँडा 1 देखि 2 महिना जतिको रकम । |
| मध्यस्थकर्ताको कमिशन | फुदोउसान कम्पनीलाई तिर्ने रकम। मासिक कोठा भाँडाको 1 महिना जतिको रकम। |

* अक्सर गरेर, सम्झौताको समयमा ग्यारेन्टर वा ग्यारेन्टी कम्पनीको ग्यारेन्टीको आवश्यकता पर्दछ ।

अग्रजहरूको आवाज फुदोउसान कम्पनीमा जाने बेलामा जापानी भाषा राम्ररी बुझ्ने साथी संगै लिएर जाने गरौं।



## लाईफलाइनको सम्झौता

नयाँ कोठामा बस्न थालेपछि बिजुली, ग्यास, धाराको पानी जस्ता लाइफलाइनको लागि आफैले सम्झौता गर्नुपर्छ । कोठा सर्ने निर्णय लिनासाथ सम्झौता गर्ने गरौं ।







| प्रकार | आवेदन दिने तरिका | |
|---|---|---|
| बिजुली | सेवा कम्पनी छानेर निर्णय गरी आवेदन दिने | टेलिफोन इन्टरनेट |
| ग्यास | | |
| धाराको पानी | टोकियो-तो खानेपानी बिभाग आदिमा आवेदन दिने | |

* ग्यासको प्रयोग शुरू गर्न अथवा रोक्ने बेलामा ग्यास कम्पनिको स्टाफ उपस्थित हुनु अनिवार्य हुन्छ



घरमालिकले यस्तो प्रक्रिया गरिदिने पनि हुन सक्ने भएकोले परामर्श लिनुहोला !



## लाईफलाइनमा लाग्ने रकम

1 जना मात्र बसोबास गर्ने अवस्थामा बिजुली, ग्यास, धाराको पानीको मासिक रकम (लगभग)

| प्रकार | बिजुली | ग्यास | धाराको पानी | कुल |
|---|---|---|---|---|
| रकम (1 महिनाको) | 3,500 येन | 3,500 येन | 2,000 येन | 9,000 येन |




अग्रजहरूको आवाज कोठा भाडामा लिने बेला अक्सर गरेर 2 वर्षको सम्झौता गरिन्छ ।



# वित्त (बैंक, क्रेडिट कार्ड)

बैंक खाता खोल्ने तरिका, वित्तीय संस्था अनुसार फरक हुन्छ ।

**बैंक खाता खोल्नको लागि आवश्यक सामाग्री**

1. आफ्नो परिचय प्रमाणित गर्ने कागजातहर (आवासिय कार्ड, राहदानी आदि)
2. इन्कान (व्यक्तिगत छाप)

* आवश्यक सामाग्री तथा जाँच गर्ने प्रावधानहरू वित्तीय संस्था अनुसार फरक हुन्छ ।






जापानी भाषा बुझ्ने व्यक्ति संगै वित्तीय संस्थामा जानु राम्रो र ढुक्क हुन्छ । बैंक काउन्टर खुला हुने समय बिहान 9 देखि साँझ 3 बजे सम्ममा जाने गरौं !

**ATM भएको ठाउँ**

बैंक बाहेक, कम्बिनियन्स स्टोर वा शपिङ सेन्टरको भित्र पनि राखिएको हुन्छ ।
प्रयोग गर्ने समयावधि वा छुट्टिको दिन आदिमा सर्भिस शुल्क लाग्ने हुन्छ ।




**विदेशमा पैसा पठाउने**

बैंक वा हुलाक कार्यालय मार्फत पठाउन सकिन्छ ।
पठाउने तरिका र सर्भिस शुल्कको बारेमा बैंक वा हुलाक कार्यालयको काउन्टर वा होमपृष्ठ मार्फत बुझ्नु होला ।








अग्रजहरूको आवाज बैंकहरूमा अक्सर गरेर भीड हुने भएकोले पर्याप्त समय मिलाएर जाने गरौं।

स्तम्भ

## इन्कान ("हान्को" पनि भनिन्छ) भनेको के हो ?

विदेशमा प्रायः सम्झौताको समयमा हस्ताक्षर गरिन्छ, तर जापानमा हस्ताक्षरको सट्टामा इन्कान (छाप) को प्रयोग गरिन्छ ।
बजारमा विभिन्न किसिमका इन्कानहरू पाइन्छन् । पसलमा अथवा इन्टरनेटबाट पनि बिक्रि गरेको हुन्छ (रकम करिब 1,500 येन जति लाग्छ) ।






**क्रेडिट कार्ड**

विदेशमा बनाइएका क्रेडिट कार्डहरू मध्ये केहि जापानमा पनि प्रयोग गर्न सकिन्छ।

●जापानमा नयाँ क्रेडिट कार्ड बनाउने बेला

| | |
|---|---|
| आवश्यक सामाग्री | आफ्नो परिचय प्रमाणित गर्ने कागजातहरू (आवासिय कार्ड आदि), बैंक खाता, इन्कान (छाप) |
| आवेदन गर्ने तरिका | इन्टरनेट, हुलाक वा क्रेडिट कार्ड आवेदन काउण्टर मार्फत आवश्यक कागजातहरू बुझाउने |

* आवश्यक सामाग्रीको जाँच गर्ने सर्तहरू क्रेडिट कार्ड कम्पनी अनुसार फरक हुन्छ।




अग्रजहरूको आवाज इन्कान नभएपनि नयाँ खाता खोल्न सकिने बैंक पनि छन्।



# संचार (मोबाइल फोन, इन्टरनेट, हुलाक सेवा)

सेवा दिने कम्पनी छानौं ।

**मोबाइल फोन, इन्टरनेट**

दूरसंचार कम्पनी छानेर सम्झौता गर्ने । दूरसञ्चार कम्पनीको पसल वा घरेलु विद्युतीय उपकरण विक्रि गर्ने ठूला स्टोरहरूमा गई निवेदन दिन सकिन्छ ।







मोबाईल फोनको सम्झौता गर्ने बेलामा, संगै इन्टरनेटको लागि पनि सम्झौता गर्न सकिन्छ है ।

**वाइफाइ**

रेलवे स्टेशन, कफी शप, कम्बिनियन्स स्टोरहरूमा नि:शुल्क प्रयोग गर्न सकिन्छ।

विस्तृत जानकारीको लागि

नि:शुल्क वाइफाइ
(http://www.wifi-tokyo.jp/ja/)




**टेलिभिजन**

जापानमा टेलिभिजन किनेर घरमा राख्यो भने (लगभग 1,310 येन प्रति महिना) सेवा शुल्क तिर्नु पर्ने हुन्छ ।

विस्तृत जानकारीको लागि

एनएचके (NHK) को सेवा शुल्क काउन्टर
(http://pid.nhk.or.jp/jushinryo/)






अग्रजहरूको आवाज मोबाइल फोनको शुल्क योजनाहरू धेरै प्रकारका हुन्छन् । सम्झौता गर्नु अगाडि राम्ररी छानबिन गरेर गर्नेको राम्रो हुनेछ ।

**हुलाक सेवा**

हुलाक कार्यालय, बसोवास क्षेत्र नजिक पनि थुप्रै भेटाउन सक्नु हुन्छ ।

विस्तृत जानकारीको लागि

जापान हुलाक सेवा
(http://www.post.japanpost.jp/)




**होम डेलिभरी**

होम डेलिभरी सेवा प्रदान गर्ने कम्पनी धेरै छन्।

सामान लिंदाखेरी हस्ताक्षर गर्नु आवश्यक हुन्छ ।




स्तम्भ

## सुविधाजनक सेवा～अनुपस्थिति सूचना पत्र～

सामान लिन नसकेको बेला, हुलाकीले अनुपस्थिति सूचना पत्र (होम डेलिभरीमा आएको तर घरमा कोहि पनि नभएको-कुरा सूचित गर्ने पत्र) पोस्टबक्समा छोडेर, सामान चाहिं साथमा लिएर फर्कन्छ ।





◆अनुपस्थिति सूचना पत्र छोडिएको अवस्थामा सामान लिने तरिका

| सामान लिने तरिका | सामान पुनः लिएर आउन अनुरोध गर्ने तरिका |
|---|---|
| पुन: होम डेलिभरी को लागि अनुरोध गर्ने बेला | • अनुपस्थिति सूचना पत्र मा लेखिएको सम्पर्क नम्बर मा फोन गर्ने<br>• अनुपस्थिति सूचना पत्र मा लेखिएको सम्पर्क नम्बर मा फोन गर्ने |
| आफैले सामान लिन जाने बेला | अनुपस्थिति सूचना पत्र र आफ्नो परिचय प्रमाणित गर्ने कागजातहरू (आवासिय कार्ड आदि) संगै लिएर, हुलाक कार्यालय अथवा होम डेलिभरी कम्पनीको कार्यालयमा जाने |

विस्तृत जानकारीको लागि होम डेलिभरी कम्पनीको कार्यालय



अग्रजहरूको आवाज आफ्नो देशमा चलाइरहेको मोबाईल फोन जापानमा प्रयोग गर्दा शुल्क बढि लाग्न सक्छ ।

# जिबिका चलाउने

टोकियोमा जापानी भाषा-सीक्न सकिने ठाउँहरू धेरै छन् ।

## जापानी भाषा सिक्न सकिने ठाउँ

| | शुल्क | विशेषता | सम्पर्क स्थान |
|---|---|---|---|
| जापानी भाषा स्कूल | स-शुल्क | कक्षा लिने समय धेरै भई, पाठ्यक्रम अनुसार अगाडि बढ्न सकिन्छ। | सम्बन्धित स्कूल |
| जापानी भाषाको कक्षा | नि:शुल्क वा स-शुल्क (कम शुल्क) | स्वयमसेवकहरु द्वारा सिकाइने आफ्नै घरको जस्तो वातावरण भएको कक्षा कोठा | बसोवास गर्ने स्थानिय निकायको अन्तर्राष्ट्रिय आदान-प्रदान संस्था |




विस्तृत जानकारीको लागि

अन्तर्राष्ट्रिय आदान-प्रदान संस्था (पृष्ठ 51)
बसोवास गर्ने स्थानिय निकायको कार्यालयको जापानी भाषा काउन्टर




TIPS को (पृष्ठ 58) मा निवास क्षेत्र छानेर,
घरबाट नजीकको जापानी भाषा कक्षा खोजौं है !

## पुस्तकालय

सबैले प्रयोग गर्न सकिने पुस्तकालयहरू धेरै छन् । पुस्तकहरू नि:शुल्क सापट लिन सकिन्छ । पहिलो पटक जाने बेलामा आफ्नो परिचय प्रमाणित गर्ने कागजातहरू (आवासिय कार्ड, आदि) संगै लिएर गई, पुस्तकालय कार्ड बनाऔं ।

विस्तृत जानकारीको लागि

पुस्तकालय (पृष्ठ 44)



अग्रजहरूको आवाज: जापानमा सुक्ष्म रुपमा फोहोर वर्गिकरण गर्नुको कारण जापानीहरूमा पुन:प्रयोगको बारेमा उच्च जागरूकता हुनु हो । [illegible] प्रयोगमा सहयोग गर्ने भावना भएकोले हो ।



## फोहरको व्यवस्थापन

फोहोर ब्यवस्थापन सम्बन्धि प्रत्येक स्थानिय निकाय अनुसार आ-आफ्नै नियमहरू हुन्छन् । सबैले आनन्दले जीबन यापन गर्नको लागि, ती नियमहरूको पालना गर्ने गरौं।

स्थानिय निकाय अनुसार फोहोर राख्ने झोलाको पैसा लाग्ने हुन्छ ।



### ●फोहोर फ़ाल्ने बेलाको नियमहरू

फोहोर छुट्ट्याउने तरिका तथा अन्य नियमहरू स्थानिय निकायले निर्धारण गरेको हुन्छ ।



❶ फोहोर छुट्ट्याउने प्रकार
जल्ने फोहोर, नजल्ने फोहोर, स्रोत फोहोर, ठूलो साइजको फोहोर आदि ।

❷ फोहोर फाल्ने समय ・ बार (दिन)
मध्यरातमा फोहोर फाल्ने नगरौं ।



❸ फोहोर फाल्ने ठाउँ
निर्धारित गरिएको फोहोर फाल्ने ठाउँमा मात्र फोहोर फाल्ने गरौं।

विस्तृत जानकारीको लागि

सम्बन्धित स्थानिय निकायको कार्यालयको फ़ोहोर ब्यवस्थापन काउन्टर वा घर मालिक

स्तम्भ

### नगर तथा टोल विकास समितिको बारेमा

स्थानिय बासिन्दाहरूले एक अर्कालाई मद्दत गरी, बसोबास गर्न आरामदायी शहर बनाउनको लागि स्वतन्त्र रूपमा बनाइने संस्था हो ।

| उद्देश्य | क्रियाकलाप |
|---|---|
| ढुक्कका साथ सुरक्षित तवरले जीवन बिताउनु | भूकम्प・आगलागी・जलप्रकोप जस्ता आपतकालिन प्रकोप बाट जोगिनको लागि रोकथाम अभ्यास<br>अपराध रोकथाम र आगलागी रोकथाम क्रियाकलापहरू |
| स्थानिय निवासीहरू बीचको अन्तरक्रिया | चाडपर्वहरू, मेलाहरू आदि |
| सुन्दर शहरको निर्माण | आवास क्षेत्रको सरसफाई, पुन:प्रयोग, स्रोत सामाग्री जम्मा गर्ने, आदि। |
| आवास क्षेत्रको बारेमो जानकारी दिने | सर्कुलेशन बोर्ड (पढ्न सकेपछि अर्को व्यक्तिलाई हेर्नको लागि दिने) |



जापानमा, बीच सडकमा फोहोर फाल्न निषेध गरिएको छ ।
फोहोरलाई साथमा आफ्नो घरमा लिएर फर्कनु राम्रो ब्यवहार मानिन्छ ।
बजार क्षेत्रमा फोहोर थोरै देखिनुको कारण, सबैले फोहोर आफूसंगै लिएर फर्कने भएर पो रहेछ हगि !

अग्रजहरूको आवाज: सेन्तोउ (सार्वजनिक स्नान गृह) मा ओफुरो (बाथटव) ठूलो र फराकिलो हुने भएकोले आनन्द लिन सकिन्छ ।(http://www.1010.or.jp/)

## किनमेल

टोकियोमा धेरै पसलहरू छन् र ती पसलमा बेचिइने सामानहरू पनि धेरै प्रकारका छन् ।

| पसल को प्रकार | बेचिन राखिने सरसामानको विशेषताहरू | पसल खोलिने समय (उदाहरण) |
|---|---|---|
| सुपरमार्केट | किराना र दैनिक आवश्यकताका सामानहरू पाइन्छ । सेल (डिस्काउण्ट) पनि हुने भएकोले सस्तो हुन्छ। | 10:00〜21:00 |
| कम्बिनयन्स स्टोर | किराना सामान। मुख्यतया दैनिक आवश्यकताका सामानहरू। निर्धारित मूल्य | 24 घण्टा |
| नीजि पसल (तरकारी पसल, माछा पसल, आदि) | पसलेसँग कुराकानी गर्दै किनमेलको आनन्द लिन सक्नुहुनेछ। | 10:00〜20:00 |
| सपिंग मल | विभिन्न प्रकारका पसलहरू एउटै विल्डिङ्ग भित्र हुने ठूलो सुविधायुक्त भवन | 11:00〜20:00 |
| डिपार्टमेन्ट स्टोर | उच्च-गुणस्तर तथा उच्च-मूल्यको सरसामानहरू धेरै विक्रि गरिएको हुन्छ। विविध किसिमका सरसामानहरू राखिएको हुन्छ। | 11:00〜20:00 |

*पसल खुल्ने समय र दिन, पसल अनुसार फरक हुन्छ ।

### ●किनमेल गर्दा ध्यान दिनु पर्नेकुराहरू

❶ अनुमति बिना बिक्रि गर्न राखिएको सामान बाकसबाट झिक्नु हुँदैन।




❷ क्रेडिट कार्ड प्रयोग गर्न सकिने वा नसकिने, पसलको नियममा भर पर्दछ। प्रवेश द्वार मा क्रेडिट कार्डको चिन्ह छ कि छैन जाँच गर्न गरौं।






थाहा नभएको वा नबुझेकोकुरा छ भने पसलेलाई सोधेर निश्चित गर्नु होला !








## जापानको सार्वजनिक विदाका दिनहरु



**जापानमा विभिन्न किसिमका सार्वजनिक विदाका दिनहरु छन् । प्रत्येक दिनको आ-आफ्नै अर्थ छन् ।**

| सार्वजनिक विदाका दिनको नाम | मिति | अर्थ |
|---|---|---|
| गान्जिचु = नयाँ वर्षको दिन | जनवरी 1 तारिक | नयाँ वर्षको शुरूआतको उपलक्ष्यमा वर्षको पहिलो पटक भनेर मन्दिरहरूमा प्रार्थना गर्न जाने गरिन्छ । |
| सेइजिननोहि = वयस्क दिवस | जनवरीको दोस्रो सोमबार | वयस्क (20 वर्ष) भएको उपलक्ष्यमा मनाउने दिन । ठाउँठाउँमा वयस्क समारोह आयोजना गरिन्छ । |
| केन्कोकु किनेननोहि = राष्ट्र निर्माण स्मृति दिवस | फेब्रुअरी 11 तारिक | देशको स्थापना भएको दिनलाई सम्झेर मनाउने दिन । |
| स्युनबुन नो हि (वसन्त दिवस) | स्युनबुनको दिन | दिन र रातको समय लगभग समान हुने दिन (मार्चको अन्तमा) । पूर्खाको चिहानमा पूजा गर्न जानेहरू धेरै हुन्छन । |
| स्योउवानोहि = स्योउवा दिवस | अप्रिल 29 तारिक | स्योउवाको युगलाई सम्झने दिन |
| केन्पोउ किनेनबि = संविधान दिवस | मे 3 तारिक | संविधान बनेको दिनको सम्झनामा मनाइने दिन |
| मिदोरिनोहि = हरियालि दिवस | मे 4 तारिक | प्रकृतिलाई कदर गर्ने दिन |
| कोदोमोनोहि = बाल दिवस | मे 5 तारिक | बच्चाहरूको विकासको लागि प्रार्थना गर्ने दिन । केटा बच्चा भएको घरमा, काबुतो (परम्परागत हेल्मेट) तथा कोइनोबोरी सजाउने गरिन्छ । |
| उमिनोहि = सामुन्द्रिक दिवस | जुलाईको तेस्रो सोमबार (2020 सालमा जुलाई 23 मा पर्छ) | समुन्द्रलाई कदर गर्ने दिन |
| यामानोहि = पहाड दिवस | अगस्त 11 तारिक (2020 सालमा अगस्त 10 तारिकमा पर्छ) | पहाडलाई कदर गर्ने दिन |
| केइरोउनोहि = वृद्द दिवस | सेप्टेम्बरको तेस्रो सोमबार | वृद्द व्यक्तिलाई सम्मान गर्ने दिन |
| स्युबुन नो हि (शरद दिवस) | स्युबुन को दिन | पूर्वजहरूलाई कदर गर्ने दिन । त्यो भावना व्यक्त गर्न पूर्वजको चिहानमा पूजा गर्न जानेहरू धेरै हुन्छन् । |
| ताइइकुनोहि = खेलकुद दिवस (2020 सालमा स्पोर्टस दिवस, दिन फरक) | अक्टुबरको दोस्रो सोमबार (2020 सालमा जुलाई 24 तारिकमा पर्छ) | 1964 सालमा आयोजना गरिएको टोकियो ओलम्पिक प्रतियोगिताको सम्झनामा मनाइने दिन |
| बुन्कानोहि = संस्कृति दिवस | नोभेम्बर 3 तारिक | स्वतन्त्रता र शान्ति लाई माया गरेर, संस्कृति उत्थान गर्ने दिन |
| किनरोउकानस्यानोहि = श्रमलाई कदर गर्ने दिवस | नोभेम्बर 23 तारिक | काम गर्न पाएकोमा त्यसलाई कदर गर्ने दिन |
| तेननोउतान्ज्योउबि = सम्राटको जन्मदिन | फेब्रुअरी 23 तारिक | सम्राटको जन्मदिन मनाउने दिन<br>जापानमा सम्राटको जन्मदिन पनि सार्वजनिक विदाको दिन हो । |



# यातायातका साधन

टोकियोको यातायातका साधन तोकिएको समयमा चल्ने भएकोले कहिँ कतै जानको लागि सुविधाजनक छ । रेल वा बसमा चढ्नको लागि सहुलियत दरमा किन्न सकिने निश्चित समयको पास वा एकदिवसीय पासहरू उपलब्ध छन् ।

## रेल सेवा

●चढ्ने तरिका


❶ गन्तव्य स्टेशन सम्मको टिकट किन्ने
(यदि IC कार्ड छ भने-सीधैं टिकट गेटमा जानुहोला)



❷ स्टेशनको प्लेटफर्ममा लाइन लागेर प्रतीक्षा गर्ने ।



❸ रेलमा चढ्दा, ओर्लिने मानिसहरूलाई प्राथमिकता दिनु पर्छ ।




❹ रेलको भित्र शिष्टाचार पालना गर्नु पर्छ ।

### रेलभित्रको शिष्टाचार

मोबाइल फोनलाई साइलेन्ट मोडमा सेट गर्ने र रेलभित्र फोनमा-कुरा नगर्ने

ठूलो स्वरले-कुराकानी नगर्ने

रेल भित्र खानेकुरा नखाने




* IC कार्डको जानकारीको लागि पृष्ठ 10

(भाडा) टोकियो स्टेशन देखिसिन्ज्युकु स्टेशन सम्म 200 येन (IC कार्ड 198 येन)



लिमिटेड एक्सप्रेस, एक्सप्रेस,र्यापिड जस्ता प्रत्येक स्टेशनहरूमा नरोकिने रेलहरू पनि हुन्छन । कुन-कुन ठाउँमा रोक्ने हो, रेलवे रूटको नक्शा जाँच गर्ने गरौं !

**अग्रजहरूको आवाज** टोकियोमा कम्युटर (अफिस जाने र फर्कने) समयमा रेल चढ्ने मानिसहरूको भीड देखेर चकित भएं ।



## बस सेवा

●चढ्ने तरिका




ऊ त्यता बस चढ्ने ठाउँ हो !






❶ गन्तव्यमा जाने बसको बसस्टपमा प्रतीक्षा गर्ने ।




❷ कहाँबाट बसमा चढ्ने हो, बस अनुसार फरक हुन्छ ।







❸ बसको शुल्क कहिले तिर्ने भन्ने पनि बस अनुसार फरक हुन्छन ।







❹ बसको शुल्क २ प्रकारले निर्धारित गरिन्छः निश्चित रकम र दूरी अनुसार बढ्दै जाने रकम (IC कार्ड बोक्यो भने सहज हुन्छ।)







❺ ओर्लिने बस स्टपको नजिक पुग्यो भने घण्टी थिचेर ड्राइभर लाई थाहा दिने ।



(भाडा) तोएई बस 210 येन (IC कार्ड 210 येन)

**अग्रजहरूको आवाज** बिहान र बेलुकिको समयमा महिलाको लागि निर्धारण गरिएको डिब्बामा, अपांगता भएको व्यक्ति र साना केटा बच्चाहरूले पनि प्रयोग गर्न सक्दछन् ।

## ट्याक्सी

●चढ्ने तरिका

❶ रेलवे स्टेशन वा होटेलमा भएको ट्याक्सी स्ट्याण्डमा जाने ।




❷ ड्राइभरलाई गन्तव्य स्थानको बारेमा बताउने । (अंग्रेजी बोल्न सक्ने ड्राइभरहरू कम भएकोले, यदि जापानी भाषा राम्रोसंग आउँदैन भने, गन्तव्य स्थानको बारेमा बुझ्न सकिने सन्दर्भ सामाग्री ड्राइभरलाई देखाउनुहोला)




❸ गन्तव्य स्थानमा पुगेपछि, ड्राइभरलाई ट्याक्सी भाडा तिर्ने ।




(भाडा) टोकियो स्टेशन देखि सिन्ज्युकु स्टेशन सम्म करिब 3,000 येन
(ट्याक्सीको मिटरमा ट्याक्सी भाडा देख्न सक्नु हुनेछ)




> जापानको ट्याक्सीहरूमा ढोका स्वत: खुल्ने भएकोले आफूले खोल्नु पर्दैन है!
> 22:00〜5:00 सम्म, ट्याक्सीहरूमा मध्यरातको सर्भिस रकम जोडेर 20% ले वृद्धि हुने हुन्छ!

## साइकल

●चढ्ने तरिका

❶ साइकल चलाउँदा नियमअनुसार सडकको बाँया पट्टिबाट चलाउनु पर्छ ।



❷ स्मार्टफोन चलाएर वा इयरफोन लगाएर साइकल नचलाउने ।



❸यातायातको नियमहरू पालना गर्ने ।



अग्रजहरूको आवाज साइकल पार्किङ बाहेक अरू ठाउँमा साइकल रोक्यो भने उठाएर लैजान सक्छ ।



### साइकल सम्बन्धि ट्राफिक नियमहरू




रक्सी पिएपछि साइकल नचलाउने ।



2 जना नचढ्ने ।



साइकल त्यतिकै छोड्नु हुँदैन ।



ट्राफिक लाईटको पालना गर्ने ।



रातीको समयमा बत्ती बाल्ने ।



> **साइकललाई साइकल पार्किंगमा मात्र रोक्ने गरौं !**
> (http://www.seisyounen-chian.metro.tokyo.jp/kotsu/kakusyutaisaku/jitensha/houchi/jitensha-campaign01/)

## कार

जापानमा कार चलाउनको लागि प्रमाणपत्रको आवश्यक पर्छ ।


❶ जापानको ड्राइभिङ्ग लाइसेन्स

❷ अन्तर्राष्ट्रिय लाइसेन्स

❸ तोकिएको देश/क्षेत्रको लाइसेन्स (स्विजरल्याण्ड, एस्टोनिया, जर्मनी, फ्रान्स, बेल्जियम, मोनाको र ताइवान गरी 6 वटा देश र 1 क्षेत्र)

विदेशी ड्राइभिङ्ग लाइसेन्स भएको व्यक्तिले, जापान भित्र प्रयोग गर्न मिल्ने लाइसेन्समा परिवर्तन गर्न सकिन्छ ।

जापानमा बाटोको बाँया पट्टिबाट यातायातका साधन चलाइन्छ।



विस्तृत जानकारीको लागि
केइसाचुच्योउ = जापान प्रहरी विभाग (http://www.npa.go.jp/)
केइसिच्योउ = टोकियो प्रहरी विभाग
(http://www.keishicho.metro.tokyo.jp/)

अग्रजहरूको आवाज टोकियोमा धेरै ट्राफिक लाइटहरू छन् । यहाँ पैदल यात्रीलाई प्राथमिकता दिइन्छ । साइकलको छुट्टै लेनहरू बनाइएको हुन्छ । जापान यातायातको सम्बन्धमा उत्कृष्ठ ठाउँ हो ।

# रोजगारी (काम) गर्ने

## रोजगारी सम्बन्धि परामर्श गर्ने ठाउँ, रोजगारी व्यवस्थाको बारेमा जानौं ।

### रोजगारी गर्ने योग्यता

भिसाको प्रकार अनुसार, जापानमा रोजगारी गर्न सकिने दायरा निर्धारण गरिएको हुन्छ ।
रोजगारी गर्न नपाउने भिसा भए पनि, सिकाकुगाइ काचुदोउ (योग्यता बाहेकको क्रियाकलाप) को अनुमति प्राप्त छ भने, रोजगारी गर्न पाउने हुन सक्छ ।

(उदाहरण) विद्यार्थीले काम गर्न पाउने समय निर्धारण गरिएको छ।

विस्तृत जानकारीको लागि ▶ अध्यागमन प्रशासन विभाग (पृष्ठ 57) (http://www.immi-moj.go.jp/)

### रोजगारी खोज्ने तरिका

टोकियो भित्र विदेशीहरूको लागि रोजगारी सम्बन्धि परामर्श केन्द्रहरू छन् । अंग्रेजी, चाइनिज भाषामा परामर्श गर्नको लागि अग्रिम बुकिंग गर्नु आवश्यक



| | टोकियो गाइकोकुजिन कोयोउ सर्भिस सेन्टर (टोकियो विदेशी नागरिक रोजगारी सेवा केन्द्र) | सिन्ज्युकु गाइकोकुजिन कोयोउ सिएन・सिदोउ सेन्टर (सिन्ज्युकु विदेशी नागरिक रोजगारी सेवा・निर्देशन केन्द्र) |
|---|---|---|
| ठेगाना | सिन्ज्युकु कु निसि सिन्ज्युकु 2-7-1 (21 तल्ला) | सिन्ज्युकु कु काबुकिच्योउ 2-42-10 (1 तल्ला) |
| परामर्श गर्न सकिने समय | 10:00～18:00 | 8:30～17:15 |
| फोन नम्बर | 03-5339-8625 | 03-3204-8609 |
| लक्षित व्यक्ति | जापानमा रोजगारी खोजिरहेको विदेशी विद्यार्थीहरू तथा रोजगारी गर्न पाउने भिसा प्राप्त व्यक्ति (जापानमा रोजगारी गर्न केहि हदबन्दि भएका व्यक्ति) | जापानी नागरिकको श्रीमान / श्रीमती वा विदेशी स्थाई निवासी (एइज्युउस्या・तेइज्युउस्या) आदि, काम गर्न हदबन्दि नभएको व्यक्ति, पार्ट टाइम खोजिरहेका विदेशी विद्यार्थीहरू |

* यी बाहेक पनि रोजगारी खोज्ने बारेमा परामर्श गर्न सकिने सरकारी निकाय (हेल्लोवर्क) भन्ने ठाउँ हुन्छ । (जापानी भाषामा मात्र कुरा गर्न सकिन्छ)

विस्तृत जानकारीको लागि ▶ हेल्लोवर्क (https://www.hellowork.mhlw.go.jp/)

अग्रजहरूको आवाज: जापानको बिजिनेस म्यानर छिटो सीक्ने प्रयास गरौं। (झुक्ने आदि सत्कारको शारीरिक भाषा, मौखिक भाषाको प्रयोग गर्ने तरिका, नेमकार्डको आदानप्रदान गर्ने तरिका)।



### रोजगारी बीमा प्रणाली

रोजगारी गर्न नसक्ने अवस्थामा जीवन यापन खर्च तथा अर्को रोजगारी नपाउन्जेल सम्म सहयोग गर्ने उद्देश्यले सरकारी तवरले व्यवस्था गरिएको बीमा प्रणाली हो


| प्रकार | विवरण |
|---|---|
| किहोन तेआते = आधारभूत भत्ता (सीचुग्योउ क्युउफु = बेरोजगारी लाभ) | जागिरबाट निकालियो अथवा अर्को काम नपाएको अवस्थामा निश्चित समयावधिको लागि पाइने भत्ता। |
| इकुजिक्युउग्योउ तेआते = सुत्केरी बिदाको भत्ता | बच्चा हुर्काउनको लागि, लामो समयसम्म छुट्टि लिनु पर्ने अवस्थामा पाइने भत्ता। |
| काइगो क्युउग्योउ तेआते = स्याहार सुसार बिदाको भत्ता | परिवारको स्याहार सुसार गर्नको लागि लामो समयसम्म छुट्टि लिनु पर्ने अवस्थामा पाइने भत्ता। |

*भत्ता पाउनको लागि निश्चित सर्तहरू पूरा गर्नु पर्छ ।

स्तम्भ

### तेन्बिकि (तलबबाट घटाउने) प्रणाली (कर, विभिन्न बीमा रकम आदि)

रोजगारी गर्ने कम्पनीले कामदारको सट्टामा, तलबबाट कर तथा बीमा रकमहरूको भुक्तान गर्ने प्रक्रिया गरिदिने हुन्छ। त्यसैले तलबको कूल रकमबाट विभिन्न बीमा रकमहरू घटाएर बाँकी रकम भुक्तानी गर्दछ । यसरी तलबबाट घटाइने मुख्य रकमहरू निम्न अनुसार छन् ।
स्वास्थ्य बीमा रकम, कोउसेइ (कर्मचारी) निवृत्तिभरण बीमा रकम, काइगो (स्याहार सुसार) बीमा रकम (40 वर्ष देखि माथि 65 वर्षसम्मको व्यक्ति मात्र लक्षित हुन्छ), कोयोउ (रोजगारी) बीमा रकम, आय कर, आवासीय (निवास) कर कर तथा बीमा रकम भुक्तानी गर्नु रोजगारी गर्ने सबै व्यक्तिहरूको दायित्व हो । यो जापान निवासी सबैको जीवन यापनलाई सहज बनाउनको लागि व्यवस्था गरिएको महत्वपूर्ण प्रणाली हो ।





अग्रजहरूको आवाज: जापानमा रोजगारी गर्नको लागि, विदेशी नागरिक भएपनि विभिन्न रकम (बीमा, निवृत्तिभरण, कर) हरू भुक्तानी गर्नु आवश्यक छ ।

# अध्ययन गर्ने • बालबच्चा हुर्काउने

जापानमा, अभिभावकले 6 वर्ष देखि 15 वर्ष सम्मको बालबालिकालाई अनिवार्य रुपमा विद्यालय शिक्षा लिन लगाउनुपर्ने हुन्छ।

## अध्ययन गर्ने, बालबच्चा हुर्काउने व्यवस्था




| उमेर* | स्कूल वर्ष (ग्रेड) |
|---|---|
| 21 | 4 |
| 20 | 3 |
| 19 | 2 |
| 18 | 1 |
| 17 | 3 |
| 16 | 2 |
| 15 | 1 |
| 14 | 3 |
| 13 | 2 |
| 12 | 1 |
| 11 | 6 |
| 10 | 5 |
| 9 | 4 |
| 8 | 3 |
| 7 | 2 |
| 6 | 1 |
| 5 | |
| 4 | |
| 3 | |
| 2 | |
| 1 | |
| 0 | |

•अपाङ्गता भएको बालबालिकाहरूको आत्मनिर्भरतालाई सहयोग गर्ने (तोकुबेचु सीएन गाक्कोउ अर्थात विशेष सहयोग विद्यालय) भन्ने हुन्छ ।
•अप्रिल 2 तारिखको दिनको उमेर









**योउचिएन (किन्डरगार्टेन)** 3 वर्ष देखि स्योउगाक्कोउ मा जानु अघिसम्मको बालबालिकाले शिक्षाको आधारभूत कुराहरू सिक्ने विद्यालय

**होइकुस्यो (चाइल्ड केयर सेन्टर)** अभिभावकहरू रोजगारी गरिरहेको आदिको अवस्थामा स्योउगाक्कोउ मा जानु अघिको बालबालिकाहरू हेरविचार गर्ने सुविधा भवन

**निन्तेइ कोदोमोएन (स्विकृति प्राप्त बाल उद्यान)** निन्तेइ कोदोमोएन बालबालिकाहरूलाई शिक्षा दिनुको साथै हेरबिचार गर्ने। योउचिएन र होइकुस्यो दुबैको काम गर्छ।

**विस्तृत जानकारीको लागि**

सम्बन्धित स्थानिय निकायको कार्यालयको शिक्षा सम्बन्धि काउन्टर



**अग्रजहरूको आवाज** जापानको विद्यालयहरूमा अप्रिलदेखि नयाँ शैक्षिक सत्र शुरू हुन्छ ।(बीमा, निवृत्तिभरण, कर) हरू भुक्तानी गर्न आवश्यक छ ।

## विद्यालयहरूमा प्रवेश गर्ने तरिका

सरकारी योउचिएन (किन्डरकार्टेन), स्योउगाक्कोउ (प्राथमिक बिद्यालय), च्युउगाक्कोउ (निम्न माध्यामिक बिद्यालय), कोउतोउगाक्कोउ (माध्यमिक बिद्यालय) अथवा होइकुस्यो आदिमा प्रवेश गराउने इच्छा छ भने, सम्बन्धित काउन्टरमा परामर्श गर्नु होला ।

| प्रकार | परामर्श गर्ने ठाउँ |
|---|---|
| होइकुस्यो (चाइल्ड केयर सेन्टर ), योउचिएन (किन्डर गार्टेन), स्योउगाक्कोउ (प्राथमिक बिद्यालय), च्युउगाक्कोउ (निम्न माध्यमिकबिद्यालय) | स्थानिय निकायका कार्यालय |
| कोउतोउ गाक्कोउ = माध्यमिक विद्यालय | टोकियो-तो सोउदान सेन्टर = टोकिय-तो परामर्श केन्द्र |

* सरकारी (राष्ट्रिय स्तरको) तथा नीजि विद्यालयमा प्रवेश गर्ने सम्बन्धमा सीधै सम्बन्धित विद्यालयमा सम्पर्क गर्नु होला ।

कोउतोउगाक्कोउ (माध्यमिक बिद्यालय) मा प्रवेश गर्नु अघि परीक्षा हुने भएकोले तयारी गरौं ।



**विस्तृत जानकारीको लागि**

सम्बन्धित स्थानिय निकायको कार्यालयको काउन्टर
टोकियो-तो क्योउइकु सोउदान सेन्टर (टोकियो-तो शैक्षिक परामर्श केन्द्र) (पृष्ठ 53)



## इन्टरनेशनल स्कूल

विदेशी बालबालिकाहरूलाई लक्षित गरिएको शैक्षिक संस्था । विद्यालय भित्र प्रयोग गरिने भाषा या पाठ्यक्रमहरू विद्यालय अनुसार फरक हुन्छन् ।
प्रवेश गर्ने तरिकाको बारेमा सीधै विद्यालयमा सम्पर्क गर्नु होला ।

**स्तम्भ**

### गाक्कोउ क्युउस्योकु = विद्यालयको दिउँसोको खाना

जापानभित्र धेरैजसो सरकारी स्योउगाक्कोउ (प्राथमिक बिद्यालय) तथा च्युउगाक्कोउ (निम्न माध्यमिकबिद्यालय) मा गाक्कोउ क्युउस्योकु (पोषणयुक्त ब्यालेन्स खानेकुरा) वितरण गरिन्छ।



**अग्रजहरूको आवाज** न्युउगाकुसिकि (प्रवेश समारोह) तथा सोचुग्योउसिकि (दिक्षान्त समारोह) मा, अभिभावकले सूट आदि अफिसियल पोशाक लगाउँछन्।

# विमारी, चोटपटक

जापानमा बसोबास गर्ने सबै व्यक्तिले सरकारी स्वास्थ्य बीमामा आवद्द भई, उच्च स्तरको चिकित्सा सेवाहरू प्राप्त गर्न सक्दछन् । विसन्चो महसुस भयो भने, सर्वप्रथम नजिकैको क्लिनिकमा गएर जँचाउनु होला ।

## राष्ट्रिय स्वास्थ्य बीमा र स्वास्थ्य बीमा

सरकारी स्वास्थ्य बीमा 2 प्रकारका छन्। सबैजना कुनै एक बीमामा आवद्द हुन्छन् । बीमामा आवद्द भयो भने, स्वास्थ्य बीमा कार्ड प्राप्त गर्नुहुनेछ र त्यो देखायो भने चिकित्सा खर्च 30% मात्र भुक्तानी गरे पुग्ने हुन्छ । बीमामा आवद्द छैन भने, चिकित्सा खर्च पनि महँगो पर्छ ।

स्वास्थ्य बीमा कार्डको एक उदाहरण



●सरकारी स्वास्थ्य बीमाको प्रकार र लक्षित व्यक्तिहरू

| | राष्ट्रिय स्वास्थ्य बीमा | स्वास्थ्य बीमा |
|---|---|---|
| प्रणालीको विवरण | आफूले बेहोर्नु पर्ने चिकित्सा खर्च 30% (1,000 येन लाग्ने चिकित्सा खर्च 300 येन मात्र तिर्ने) | |
| लक्षित व्यक्ति | आफ्नै व्यवसाय गरिरहेको व्यक्ति, रोजगारी नगरिकन बसेको व्यक्ति | कम्पनिमा काम गरिरहेको व्यक्ति |
| बीमा रकम | आय अनुसार फरक फरक हुन्छ | |
| सम्पर्क स्थान | स्थानिय निकायको "कोकुमिन केन्कोउ होकेन" काउन्टर | कम्पनिको बीमा सम्बन्धि हेर्ने व्यक्ति |

* जापानसंग स्याकाइ होकेन सम्झौता भएको देशका मानिसहरू आवद्द हुनु आवश्यक नपर्ने पनि हुन सक्छ।
* पार्ट-टाइम गरिरहेको व्यक्ति, कम्पनीको स्वास्थ्य बीमा नभइकन, राष्ट्रिय स्वास्थ्य बीमामा आवद्द हुनेहरू पनि छन्।

## कोउकि कोउरेइस्या इर् योउ सेइदो (वृद्ध हरूको चिकत्सा सेवा प्रणाली)

75 बर्ष भन्दा बढी उमेरका व्यक्ति तथा 65 बर्ष देखि 75 बर्ष भन्दा कम उमेरका अपांगता भएका व्यक्ति आवद्द हुन्छन्।

आफूले बेहोर्नु पर्ने चिकित्सा खर्च 10% (सर्त अनुसार 30%)

विस्तृत जानकारीको लागि

सम्बन्धित स्थानिय निकायको कार्यालयको कोउरेइस्या फुकुसी (बृद्ध कल्याण) काउन्टर



## स्याहार सुसार बीमा

स्याहार सुसारको आवश्यकता भएका वृद्द व्यक्तिहरूलाई सहायोग गर्ने प्रणाली हो । स्याहार सुसार सेवाको आफूले बेहोर्ने प्रयोग शुल्क 10% (तोकिएको भन्दा बढि आय भएको व्यक्तिको लागि 20% अथवा 30%)

सेवा प्राप्त गर्नको लागि सरकारी अनुमति (प्रमाणीकरण) को आवश्यक पर्छ ।

विस्तृत जानकारीको लागि


सम्बन्धित स्थानिय निकायको कार्यालयको कोउरेइस्या फुकुसी (बृद्ध कल्याण) काउन्टर



**अग्रजहरूको आवाज** अस्पतालमा लक्षणहरूको बारेमा थाहा दिनको लागि "तागेन्गो इर्योउ मोन्सीनह्योउ (बहुभाषी चिकित्सा प्रश्नावली)" (http://www.kifjp.org/medical/) धेरै काम लाग्यो ।



## चिकित्सा संस्थाहरूमा विमारी जँचाउने तरिका




विस्तृत जानकारीको लागि

टोकियो-तो चिकित्सा संस्था सम्बन्धि सूचना सर्भिस (हिमावारि) (पृष्ठ 59)
AMDA अन्तर्राष्ट्रिय चिकित्सा सूचना केन्द्र (पृष्ठ 57)

1 अस्पतालको रिसेप्शनमा स्वास्थ्य बीमा कार्ड दिएर, चिकित्सा प्रश्नावली मा लक्षणहरूको बारेमा भर्नु होला।




2 नाम नबोलाउन्जेल माचिआइसिचु (प्रतीक्षा कक्ष) मा प्रतीक्षा गर्नुहोला।



3 नाम बोलाएपछि चिकित्सा कक्षमा प्रवेश गरी, लक्षणहरूको बारेमा बताउनु होला।




4 चिकित्सकले हेर्न सकेपछि, फेरी माचिआइसिचुमा आएर प्रतीक्षा गर्नुहोला। नाम बोलाएपछि चिकित्सा शुल्क भुक्तान गरी, प्रेस्क्रिप्शन (औषधिको बारेमा लेखिएको पत्र) लिनुहोला।




त्यसपछि औषधि पसलमा गएर, प्रेस्क्रिप्शन देखाई, औषधि लिएर त्यसको शुल्क भुक्तानी गर्नु होला ।




**अग्रजहरूको आवाज** जापानको कम्पनीहरूमा, कामदारलाई वर्षको 1 पटक स्वास्थ्य जाँच गर्न लगाइन्छ ।

# प्रकोप रोकथाम / आपतकालिन

जापान प्राकृतिक प्रकोप धेरै हुने देश हो । यस्ता प्रकोपहरू हुँदा कस्तो क्रियाकलाप गर्दा ठिक हुन्छ भन्ने बारेमा सीकौं ।
सुरक्षित स्थान सम्मको बाटो, हिनानबास्यो = सुरक्षित स्थान, परिवारलाई सम्पर्क गर्ने तरिकाहरूबारे पहिले नै सरसल्लाह गरी निर्णय गरेर राखौं ।

## भूकम्प

जमिन हल्लिने, भवनहरू भत्किने, सुनामी (विशाल छाल) आउने सम्भावना हुने भएकोले खतरनाक हुन्छ ।

●दैनिक जीवनमा प्रकोप रोकथामको तयारी

❶ दराज आदि फर्निचरहरू नढल्ने गरी उपाय गर्ने ।



❷ आपतकालिन समयमा लिएर जाने सामान (पानी, लामो समय संरक्षण गर्न मिल्ने खाना आदि) को तयारी गर्ने ।



विस्तृत जानकारीको लागि

स्थानिय निकायको कार्यालयको बोउसाइ・आन्जेन (बिपद् व्यवस्थापन तथा सुरक्षा) काउन्टर

●भूकम्प आयो भने

❶ (माथिबाट सामानहरू झर्न सक्ने भएकोले) टेबल या डेस्क मुनि लुकेर, टाउको तथा शरीर बचाउने ।



❷ कम्पन रोकिएपछि, आगो चलाइराखेको ठाउँ सबै निभाउने ।



❸ घरको मूल ढोका खोलेर निस्कने बाटो सुरक्षित गर्ने ।



❹ नआत्तिइकन हिंडेर सुरक्षित स्थानमा जाने ।



प्रकोप वा आपतकालिन अवस्थामा, विदेशीहरूको लागि हेल्प कार्ड बोकेमा ढुक्क हुन्छ !
(http://www.seikatubunka.metro.tokyo.jp/chiiki_tabunka/tabunka/tabunkasuishin/files/0000000144/ALLhelpC.pdf)

अग्रजहरूको आवाज

जापानका विद्यालयहरूमा प्रत्येक वर्ष प्रकोप रोकथाम अभ्यास गरेर, प्रकोपको बेलामा कस्तो क्रियाकलाप गर्ने भन्ने बारेमा सीकाउने गरिन्छ।



## टाइफुन

भारी वर्षा र कडा हुरी बतासहरूले समुद्रको अवस्था विकराल हुने, नदीको पानी बढ्ने भएकोले खतरनाक हुन्छ । जुलाईदेखि अक्टोबरसम्म धेरै आउने हुन्छ । रेल तथा बस सेवा ढिलाइ हुने अथवा बन्द पनि हुन सक्छ ।

●जब टाइफुन आउँछ

